जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ४३ पृष्ठः ४ | २०८२ जेठ १८ गते आइतबार (Sunday 01 June 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सेनेटरी प्याड बनाउन छात्रालाई तालिम



सिरहा, १७ जेठ। महिनावारीको समयमा प्रयोग गर्ने सेनेटरी प्याड किन्न बन्दनाकुमारी महतोलाई बुबाआमासँग आवश्यक पैसा मागिरहनुपर्ने बाध्यता टरेको छ। सिरहाको नवराजपुर गाउँपालिका–४ सोनवर्षास्थित जनता नमूना ( प्राविधिक धार) माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्रा बन्दनाले तीनदिने तालिम पछि घरैमा आफैँ प्याड बनाउन सक्ने भएकी छिन्। स–साना कपडाको टुक्राबाट महिनावारी हुँदा प्रयोग गर्न मिल्ने प्याड बनाउन जानेपछि उन्ले खुसी लागेको बताइन्। "अब सेनेटरी प्याड किन्न घरमा पैसा मागिरहनु परेन। पहिला मम्मीसँग माग्थे, अब त्यो परेन। स–साना कपडाको टुक्राबाट राम्रोसँग प्याड बनाउन सिकेकी छु", खुसी व्यक्त गर्दै बन्दनाले भनिन्, "पकेटमा रुमाल राखे जसरी लिएर हिड्न सक्छौं। जतिबेला जरुरी पर्छ त्यसैबेला प्रयोग गर्न सकिन्छ।" घरेलु प्याड लगाउँदा महिनावारीको समयमा सुरक्षित हुने तरिकाबारे पनि सिकेको उनले बताइन्।

बन्दनाजस्तै रमेश महतो स्मृति जनता माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत अर्का छात्रा पूजाकुमारी चौधरीलाई पनि तालिमले निकै सहज बनाइदिएको छ। तालिमबाट प्याड बनाउन सिकेकी उनले आफूले प्रयोग गर्नेमात्रै नभएर दिदी बहिनी र आमालाई प्रयोग गर्ने प्याड घरमै बनाउने सोचमा छिन्। छात्रा पूजाको परिवारमा आमा, दिदी र बहिनीले पनि कपडाकै प्रयोग गर्नेगरेको बताउँदै उनीहरूलाई पनि घरमै कपडाको प्रयोग गरी पुनःप्रयोग गर्न मिल्ने घरेलु प्याड

**–बाँकी दुई पेजमा**

## सशस्त्र प्रहरीद्वारा भन्सार छलीका सामाग्री बराम

**मुकेश कुमार यादव**

बरियारपट्टी, १७ जेठ। सशस्त्र प्रहरी बल सिरहाले शुक्रवार र शनिवार भन्सार छली गरेर ल्याइएको ठूलो परिमाणका विभिन्न सामाग्रीहरु बरामद गरेको छ। सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक नरेस भण्डारीका अनुसार शुक्रबार सिरहा नगर पालिका–२० लगडिगदीयानी स्थित नं. ७ गणका सशस्त्र प्रहरी निरीक्षक दिनेश बम्जनको कमाण्डमा खटिएको चार जनाको मोटरसाइकल गस्ती टोलीले भारतबाट अवैध रुपमा भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको मुल्य रु. एक लाख ६९ हजार आठ सय बराबरको कपडा र सुन चाँदी राख्ने बट्टा बरामद गरेको छ।

त्यसैगरि सशस्त्र प्रहरीले शुक्रबार नै सिरहा नगरपालिका–१७ स्थित माडर बसपार्क नजिक प्रसीसु गुल्म माडरबाट सशस्त्र प्रहरी नायव निरीक्षक चुडामणी का लेको कमाण्डमा खटिएको चार जनाको मोटरसाइकल गस्ती टोलीले भारतबाट अबैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउदै गरेको मुल्य रु.३६ हजार एक सय पचास बराबरको लत्ता कपडा बरामद गरेको छ।

त्यस्तै, सशस्त्र प्रहरीले अवैध भाँडा वर्तनहरु पनि बरामद गरेको छ। शुक्रबार औरही गाउँपालिका–३ कडहर्वा स्थित सडक खण्डमा सशस्त्र प्रहरीको वि.ओ.पि. बरियारपट्टीबाट सशस्त्र प्रहरी निरीक्षक शंकर बहादुर थापाको कमाण्डमा खटिएको चार जनाको मोटरसाइकल गस्ती टोलीले भारतबाट अवैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको अन्दाजी मुल्य रु. ५३ हजार दुई सय २० बराबरको भाँडा बर्तनहरु बरामद गरेको हो।

उक्त सामाग्रीहरु भन्सार बुझाउने प्रकृयामा रहेको सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले जानकारी दिए। यता ठूलो परिणाममा नेपालबाट भारततर्फ पैठारी गर्दै गरेको अवैध स्याउ बरामद भएको छ। शनिवार सिरहा नगरपालिका–२१ लगडिगदियानी स्थित नं.७ गणबाट सशस्त्र प्रहरी नायव निरीक्षक विष्णु प्रसाद गौतमको कमाण्डमा खटिएको १० जनाको गस्ती टोलीले नेपालबाट

**–बाँकी दुई पेजमा**




## हात्तीको आक्रमणबाट सप्तरीमा एक जनाको ज्यान गयो



सप्तरी, १७ जेठ। सप्तरीमा जंगली हात्तीको आक्रमणबाट एक जनाको ज्यान गएको छ। बिहान हात्तीको आक्रमणबाट कञ्चनरूप नगरपालिका वडा नम्बर १२ धरमपुर टोलका ६६ वर्षीय केदारबहादुर विष्टको ज्यान गएको प्रहरीले जनाएको छ। घर नजिकै मकैबारीमा विष्टलाई हात्तीले आक्रमण गरेको हो। हात्तीको दाह्रा उनको शरीरमा गाडिएको स्थानीय बासिन्दा लीलबहादुर मगरले बताए। बँदेललगायत जनावरबाट मकै जोगाउन विष्ट एक्लै खेतमा जाने र कहिलेकाहीँ खेतमा बनाएको टैवामै सुत्ने गरेकामा हात्तीको आक्रमणमा परी ज्यान गएको मगरले जानकारी दिए।

## फोहोर व्यवस्थापन गरौं र गराऔं ।

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग–अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुनः प्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौ,
- फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## एमालेको छवि फेर्ने बजेट

हुनत, नेपालजस्तो आर्थिक स्रोत र साधन कमजोर भएको मुलुकमा हरेक वर्ष आउने बजेट एक प्रकारले खर्च बाँडफाँटको निरन्तरतामात्र हुनेगर्छ। तैपनि, नेपालमा २०४७ सालको प्रजातन्त्र पुनःस्थापना र २०६३ सालको गणतन्त्रको स्थापनापश्चात बनेका नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी)का सरकारहरूले ल्याएका हरेक वर्षको बजेट एउटै मुख्य चरित्रले फरक देखिन्थ्यो – त्यो हो बजेट कति वितरणमुखी वा 'पपुलिस्ट' भयो वा कति उदार अर्थतन्त्र र निजी क्षेत्रमैत्री भयो ? नेपाली कांग्रेसको सरकारले २०४८ पछि ल्याएका वार्षिक बजेटहरूले उदार अर्थतन्त्रलाई उकास्ने कार्य गरे पनि २०५२/०५३ आर्थिक वर्षमा नेकपा (एमाले)को नौ महिने शासन कालमा अर्थमन्त्री भरतमोहन अधिकारीले नौ 'स'का आर्थिक कार्यक्रममार्फत ल्याएको वितरणमुखी बजेटपछि भने सुधारात्मक बजेट देख्न पाइएको थिएन। एमाले र माओवादीमात्र होइन कांग्रेससमेतका सरकारहरू राज्यले लामो समय धान्न नसक्ने 'पपुलिस्ट' कार्यक्रम ल्याउने होडमा संलग्न भए। फलस्वरूप, नेपालको अर्थतन्त्र वृद्धिको गति नै खुम्चियो।

विगतका वर्षहरूमा नेकपा (एमाले)ले ल्याएका बजेटहरूमा खुला बजारको समर्थन गर्ने क्रममा सुधारमुखी देखिए पनि केही न केही वितरणमुखी कार्यक्रम ल्याउन सधैं उद्यत रहेकै देखिन्थ्यो। यो वर्ष भने अर्थमन्त्री विष्णु पौडेलले साहसपूर्वक एमालेको आर्थिक नीतिमा स्पष्ट परिवर्तन भएको संकेत दिए। उनी निजी क्षेत्रप्रति सकारात्मक देखिएका छन् भने उदार अर्थतन्त्रको नेतृत्व निजी क्षेत्रले नै लिनुपर्छ भन्ने लाइन उभिन पुगेका छन्। अर्थमन्त्रीको यस दृढता र स्पष्टताले आउँदो वर्षमा नेपालमा लगानीकर्ता र उपभोक्ताको अर्थतन्त्रप्रति विश्वास बढेर जाने देखिन्छ। नेपाली व्यवसायीलाई विदेशमा लगानी गर्न केही खुकुलो व्यवस्था गर्नु, 'एक्जिम कोड' (सामान आयात–निर्यात गर्दा लिनुपर्ने संकेत नंबर)का लागि धरौटी राख्नु नपर्नेजस्ता व्यवस्था सकारात्मक छन्। तर, तिनै व्यवस्थाका कारण एमालेले आ  नो आर्थिक सोचमा परिवर्तन ल्याएको भन्ने दाबी भने गरिएको हैन।

निजी क्षेत्र उन्मुख परिवर्तन भनेको विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा स्थापित हुने नयाँ उद्योगलाई तीन वर्ष कर छुटको प्रावधान, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको भाडादर प्रतिवर्गमिटर रु. २० बाट घटाएर रु. ५ गरिनु र व्यवसायीलाई औद्योगिक क्षेत्रको निर्माण गर्ने सुविधा दिनुले भने सरकारको निजी क्षेत्रप्रतिको लचकता थप स्पष्ट पारेको छ। त्यस्तै सूचना प्रविधिमा आधारित उद्योग तथा होटल र सेवा क्षेत्रलाई अन्य उद्योग सरह करमा सहुलियत तथा विद्युत् महसुलमा दिइएको छुटलाई पनि सकारात्मक मान्नुपर्छ। एमालेको उदार आर्थिक फाँटको यात्राले के फरक पर्छ ? सर्वप्रथम त नेपाली कांग्रेस पनि अब आ  नो आर्थिक कार्यक्रम र सोचलाई निर्धक्क अगाडि लिएर आउन सक्ने हुन्छ। यस वर्षपश्चात बजेटमार्फत गरिब जनतालाई वितरणको लोभ देखाएर अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रत्युत्पादक प्रतिस्पर्धामा केही कमी आउने विश्वास गर्न सकिन्छ।

यसको तात्पर्य विपन्न र सीमान्तकृतका लागि सकारात्मक विभेदउन्मुख कुनै पनि सामाजिक कार्यक्रम ल्याइनुहुन्न भन्ने होइन। सरकारले त्यस्ता व्यक्तिहरूका लागि सशक्त कार्यक्रम ल्याउनुपर्छ जसले लक्षित वर्गको वास्तविक हित गरोस् र तिनको नाममा जनताले आ  नो गाँस कटाएर कर तिरेको रकमको दुरुपयोग नहोस्।यस्ता सामाजिक कार्यक्रम सही ढंगले कार्यान्वयन गर्न सरकारले गरिब पहिचान र सरकारी सहयोग लिनेले अनिवार्यतः  पूरा गर्नुपर्ने जिम्मेवारीको स्पष्ट ढाँचा तयार गर्नुपर्छ। हरेक वर्षजस्तै यस वर्षको बजेटलाई पनि राजस्वको हकमा अति महत्त्वाकांक्षी र पुँजीगत खर्चमा अत्यन्त कमजोर बजेटको रूपमा चिनाउन सकिन्छ। तर, सरकारले दृढतापूर्वक आ  नो नीति तथा कार्यक्रम लागु गराउन सक्यो भने यस वर्षको बजेट धेरै वर्षपछिको 'परिवर्तनकारी बजेट बन्न पुग्नेछ।

# सञ्चार क्षेत्रको सामाजिक दायित्व

**विपुल पोखरेल**

समाजमा यतिबेला नैराश्यता व्याप्त छ। केही पनि भएन भन्ने भाष्य यसरी निर्माण भएको छ कि परिवर्तन भएको छ भनेर तथ्य र सत्यका आधारमा बहस गर्ने हिम्मतसमेत मानिसहरूले राख्न छाडेका छन्। नकारात्मक मनोविज्ञान हाबी हुँदाको परिणाम हो यो तर समाजलाई सधैँ यसरी निराशामा राख्न भने हुँदैन। तथ्यका अधारमा सही बहसतर्फ समाजलाई उन्मुख गराउने हो भने त्यो नैराश्यता क्रमशः न्यून हुँदै जान्छ। निराशाबाट मुक्त हुँदै आशाको ज्योति खोज्दै हिँड्ने समूहले मात्र परिवर्तनको अगुवाइ गर्न सक्छ। निराशाको आहालमा डुबेर गरिने तर्कमा न तथ्य हुन्छ, न सत्य हुन्छ। त्यहाँ आक्रोश, कुण्ठा अनि प्रतिशोधको भावना मात्र हुन्छ। त्यस कारण अब यो अवस्थामा सुधार ल्याउनका लागि पनि आशाको सञ्चार गर्दै सुधार यात्राको थालनीका लागि काम गर्न आवश्यक छ। निःसन्देह, सुधार राजनीतिक नेतृत्वमा जरुरी छ। उनीहरूको आचरणमा सुधार आउँदा राज्य सञ्चालन प्रक्रियामा समेत सुधार आउँछ। अहिले नागरिकको मुख्य अपेक्षा यही दुई कुरा नै हो तर यो सुधारका लागि नेतृत्वलाई लगातार खेदिरहने मात्र काफी छ त ? आक्रोश, घृणा, कुण्ठा, प्रतिशोधको गन्धसहितको आलोचनाले त्यस्तो सुधार सम्भव छ त ? यो कोणबाट पनि अब सोच्न जरुरी छ। यही आधारमा आ  नो दायित्वको पहिचान गर्न पनि जरुरी छ।

संस्कृतको नीतिवचनमा एक ठाउँमा भनिएको छ, "नाभ्यर्थितो जलधरो=पि जलं ददाति सन्तः स्वयं परहितेषु कृताभियोगाः।" यसको अर्थ के भने, "कसैले अनुरोध नगरे पनि बादलले पानी दिन्छ। त्यस्तै असल व्यक्ति कसैले भने पनि नभने पनि परहितका लागि प्रयत्न गरिराख्छन्।" अहिले यही नीतिवचनको आशयलाई आत्मसात् गर्दै सबैले आआ  नो ठाउँबाट राष्ट्रका लागि योगदान दिनुपर्ने समय आएको छ। वास्तवमा नेपाली सञ्चार क्षेत्र अझ अतिरिक्त अग्रसर भएर अहिलेको समाजमा व्याप्त नैराश्यता चिर्दै गलत बहसबाट समाजलाई बचाउँदै एउटा विशिष्ट भूमिका निर्वाह गर्नुपर्ने ठाउँमा उभिएको छ। हामीले केही भएको छैन भनेर निराशा मात्र व्यक्त गर्‍यौँ भने त्यो कदापि सही होइन।

हालसम्म भएको कुराका लागि अघिल्लो पुस्तालाई धन्यवाद भन्न सक्नु पर्छ। कहाँनेर कमजोरी भयो भनेर समीक्षा गर्न सक्नु पर्छ, अनि त्यसलाई सच्याएर अगाडि बढ्ने उत्साह आफैँमा जागृत गर्नु पर्छ। यसरी समस्या थाहा भयो भने उपाय खोज्न सकिन्छ र उपाय भेटियो भने त्यसले स्वाभाविक रूपमा उत्साह प्रदान गर्छ। त्यो उत्साहले मात्र परिवर्तनको नेतृत्व गर्न सक्छ। अङ्ग्रेजीमा एउटा भनाइ प्रसिद्ध छ कि यो पृथ्वी हामीले अघिल्लो पुस्ताबाट सापटी लिएका हौँ, अब त्यो सापटीको ब्याजसमेत जोडेर सुन्दर बनाई अर्को पुस्तालाई हस्तान्तरण गर्ने दायित्व हाम्रो हुन्छ। यो भनाइले पनि हामीलाई हाम्रो दायित्वबोध गर्नका लागि प्रेरित गर्छ। अघिल्लो पुस्तालाई घृणा मात्र गर्ने, योगदानको कदर र सम्मान नगर्ने हो भने पछिल्लो पुस्ताले पनि हामीलाई त्यसै गरी सराप्छ भन्ने बिर्सनु हुँदैन। हामीले कृतज्ञ समाज बनाउने कि कृतघ्न समाज बनाउने भन्ने कुरामा पहिला प्रस्ट भएर आफूलाई प्रस्तुत गर्नु पर्छ।

समाजमा देखिइरहेको बहस ठिक छैन। लोकतन्त्रले सही र तथ्यमा आधारित बहसको अपेक्षा गरिरहेको हुन्छ। अन्तर्क्रियात्मक समाजमा मात्रै लोकतन्त्रले आ  नो सबलताको मापन गर्न सक्छ। नैराश्यतालाई लोकतन्त्रले मन्द विष ठान्छ। सामाजिक बहसलाई हामीले ठिक ठाउँमा राख्न सक्नु पर्छ। अहिले स्वस्थ बहस होइन, कुण्ठा, आलोचना, असहिष्णुता नै बढी अभिव्यक्त भइरहेको छ। उच्चस्तरीय, अनुशासित, मर्यादित र निष्कर्ष केन्द्रित बहस गर्नुपर्ने संसद्मा समेत यस्तै अभ्यास भइरहेको छ। यसले सही ठाउँमा पुर्‍याउँदैन। हाम्रो ध्यय के हो ? त्यसमा प्रस्ट भई त्यसलाई नै केन्द्रमा राखेर स्वस्थ बहस गर्ने संस्कारको निर्माण आजको आवश्यकता हो। यस्तो बहस निर्माणका लागि नेपाली सञ्चार क्षेत्रले भूमिका खेल्न जरुरी छ। अझ भनौँ, अहिलेको बहसलाई सही बाटोमा ल्याउने सामर्थ्य सञ्चार क्षेत्रले मात्र राख्छ। त्यसका लागि पहिले सञ्चार क्षेत्र आफैँमा प्रस्ट हुन जरुरी छ। तथ्यहरूमा आधारित सामग्रीको अभावमा समाज सतही र आग्रही बहसमा जुटेको हो भन्ने कुराको बोध गरेर अतिरिक्त जिम्मेवारीसहित सञ्चार क्षेत्र प्रस्तुत हुन जरुरी छ। बिपी कोइरालाले एक पटक भन्नुभएको थियो, "जब सत्यको मुख बन्द हुन्छ, तब मिथ्याको थुतुनो चल्न थाल्छ।" अहिले सत्यको मुख सञ्चार क्षेत्रमार्फत खुला राखेर सत्य पस्कन जरुरी छ।

नेपालको राजनीतिमा समस्या छ, अर्थ क्षेत्रमा समस्या छ, शिक्षा, स्वास्थ्य क्षेत्रप्रति पनि नागरिक गुनासो छ। त्यति मात्र होइन, राज्यका संरचनाहरूप्रति प्रश्न उठेका छन्। शासन प्रणालीको दोष हो कि हर्ताकर्तामा क्षमताको अभाव हो भन्नेमा थप प्रस्टता जरुरी छ। यस्ता गम्भीर मुद्दामा व्यापक बहस र निष्कर्षउन्मुख अन्तर्क्रिया नहुँदासम्म हामीले यो नैराश्यताको ओखती भेटाउने छैनौँ। त्यस्तो बहस र अन्तर्क्रियाको आधिकारिक प्लेटफर्म भनेको सञ्चार क्षेत्र नै हो। अहिलेको चुनौती सामाजिक सञ्जालको उपयोग कसरी गर्ने ? भन्ने पनि हो। त्यो माध्यमको उपयोग भनौँ या अभ्यास असल ढङ्गले हुन सकेको छैन। सतही बहसमा सामाजिक सञ्जाल व्यस्त छ। यहाँका राजनीतिक, आर्थिक, सामाजिकलगायतका यावत् क्षेत्रमाथि सामाजिक सञ्जालको बहसले सही मार्गनिर्देश गर्न सक्दैन। निष्कर्ष खोज्ने ढङ्गको बहस गर्ने सामर्थ्य र दक्षता पनि सामाजिक सञ्जालले राख्दैन। नागरिकका सरसर्ती आएका धारणा, त्यसमाथिका तत्कालीन प्रतिक्रिया नै सामाजिक सञ्जालका विषयवस्तु बनेका छन्। यही सामाजिक सञ्जालका आधारमा नागरिकले आ  नो विचार निर्माण गर्न सक्दैनन् वा त्यसरी निर्मित विचारले परिवर्तनको अगुवाइ गर्ने क्षमता पनि राख्दैन र नैराश्यता पनि चिर्न सक्दैन। त्यसैले सञ्चार क्षेत्रले गम्भीर र तथ्यपरक सामग्रीमार्फत समाजलाई गहिरो र असल अन्तर्क्रियातर्फ प्रेरित गर्नु पर्छ। अहिलेको सन्दर्भमा यही नै सञ्चार क्षेत्रको प्रमुख दायित्व हुन आउँछ।

सुशासनको अभाव, भ्रष्टाचारका काण्डको सार्वजनिकीकरण जस्ता कुराले पनि अहिले व्यवस्थाप्रति नै प्रश्न उठाउन चाहनेहरूका लागि ठाउँ निर्माण गरिदिएको छ। सञ्चार क्षेत्र कुशासन र भ्रष्टाचारका सवालमा अझै निर्मम भएर प्रस्तुत हुन जरुरी त छ नै, सँगसँगै ती सवालमा काम गर्ने संरचनालाई बलियो बनाउन पनि अग्रसर हुनपर्ने छ। किनभने लोकतन्त्रको अभ्यास गर्दा विभिन्न संरचनाहरू बनाइन्छन्, ती संरचनाहरू सबल हुन्छन्, काम गर्छन्, परिणाम दिन्छन्। त्यो परिणामको लाभ नागरिकले प्राप्त गर्छन् तर हामीले लोकतन्त्रको असल अभ्यास नगर्दा ती संरचना कमजोर भए, काम गरेनन्, जनता लाभान्वित हुन सकेनन्। संवैधानिक आयोगका नियुक्ति प्रणाली नै गिजोलियो, भागबन्डामा गयो। मानव अधिकार आयोगको निर्देशन कार्यान्वयनको अवस्था हेर्दा १६/१७ प्रतिशत पनि कार्यान्वयन छैन। अहिलेको मूल समस्या यही हो। यसले हामी सही ठाउँमा छैनौँ भन्ने देखाउँछ। हाम्रा संरचना यतिसम्म कमजोर भए कि को दोषी हो ? उसलाई कारबाही गर्ने कि नगर्ने भन्ने कुरामा अब अनुसन्धान र कारबाहीका जिम्मा पाएका संरचनामाथि विश्वास नै भएन। दोषी पहिचान गर्ने र कारबाही गर्ने कुरा पनि अब संसद्मा पुग्यो। संसद् अवरुद्ध गरेर कारबाहीको माग गर्ने अभ्यास पो प्रारम्भ भयो।

हाम्रो संसदीय अभ्यास कहाँ पुग्यो ? समग्र राज्यप्रणालीमा सुधारका लागि नीति, कानुन बनाउनुपर्ने संसद् नै यतिबेला घटना केन्द्रित भएर निश्चित घटनाका दोषीलाई कारबाही गर्ने कि नगर्ने भन्ने अनौठो बहसमा अलमलिएको छ। संसद् नै यसरी अलमलमा पर्दै गर्दा शासन सञ्चालनका अङ्गहरूको अवस्था कति कमजोर भए होलान् भन्ने अनुमान लगाउन सकिन्छ। लोकतन्त्रको साख गिर्ने गरी भएका यस्ता गतिविधिबाट मुलुकलाई सही मार्गमा हिँडाउन तीव्र बहस जरुरी छ। परिवर्तनका एजेन्डामा अन्तर्क्रिया गर्न सक्ने समाज निर्माण गर्न दायित्व वहन गर्नुपर्ने छ। यस्तो बेला सामाजिक सञ्जालका विषयलाई सूचनाका स्रोत बनाएर दिन गुजार्ने अवस्थाबाट नागरिकलाई मुक्त गरी आशा जगाउने सामग्रीसहित सञ्चार क्षेत्र प्रस्तुत हुन आवश्यक छ। कमजोर शासकीय अभ्यासबाट निराश बनेको जमातलाई व्यवस्थाविरोधी भन्ने कि शासकीय क्षमता अभिवृद्धिका लागि आवश्यक दबाब वा ध्यानाकर्षण गर्ने ? यस विषयमा पनि सञ्चार क्षेत्र प्रस्ट भएर प्रस्तुत हुन आवश्यक छ।

### *सशस्त्र प्रहरीद्वारा...*

अवैध रुपमा भारतीय नम्बर प्लेट भएको चार वटा मोटरसाइकलमा राखी भारततर्फ लैजादै गरेको रु. ८९ हजार छ सय बराबरको तीन सय २० किलो स्याउ र अन्दाजी मुल्य रु.चार लाख बराबरको चार थान मोटरसाइकल समेत बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ। गत मंगलवार यहाँको सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गणको स्थापना दिवस कार्यक्रममा सशस्त्र प्रहरी मधेश प्रदेश प्रमुख डिआईजी कृष्ण ढकालले सीमा क्षेत्रमा हुने अवैध समाग्री ओसारपसार नियन्त्रण गर्न मातहतका निकायलाई कडा निर्देशन दिएको थियो।

### *सेनेटरी प्याड ...*

बनाउने तरिका सिकाइ व्यवसायिक बन्न सकिने उनको भनाइ छ। उनले भनिन्, "बजारमा विभिन्न कम्पनीका सेनेटरी प्याड उपलब्ध हुन्छन्। तर त्यस्ता प्याड सबैको पहुँचमा हुँदैनन्। त्यसैले घरमै व्यवसायिकरूपमा कपडाको प्याड बनाएर बिक्री गरेर आम्दानी लिन सकिन्छ। गाउँ घर टोल छिमेकीलाई सिकाउन सकिन्छ।"

बन्दना र पूजाजस्तै दुई विद्यालयका गरी ५३ छात्राले बुधबारदेखि शुक्रबारसम्म जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयमा तीन दिने तालिम लिएका छन्। गाउँपालिकाको आर्थिक सहयोगमा सृजनशील नेपाली युवा समूह लहानले सञ्चालन गरेको तालिमपछि कक्षा १० मा अध्ययनरत छात्रामा कपडाको प्रयोग गरी पुनःप्रयोग गर्न मिल्ने घरेलु प्याड बनाउने तरिका अरुलाई सिकाउने आत्मविश्वास बढेको देखिन्छ। महिनावारीका समयमा किशोरीमा विद्यालय आउनसमेत नसक्ने अवस्था रहने हुनाले उनीहरूको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै आफैले बनाएको प्याड प्रयोग गर्नसके स्वास्थ्यका लागि पनि राम्रो हुने उद्देश्यले तालिम दिइएको प्रशिक्षक प्रतिभा गुप्ताले बताइन्। किशोरीहरूले महिनावारीको समयमा ध्यान दिनुपर्ने कुरा, स्वस्थ तरिकाले प्याड प्रयोग गर्ने विधिबारेसमेत तालिममा सिकाइएको उनले बताइन्।

त्यस्तै, तालिमका अर्का प्रशिक्षक सङ्गिता चौधरले कमजोर आर्थिक अवस्थाका कारण कतिपयले बजारमा प्याड खरिद गर्न नसक्ने भएकाले कपडाको उचित तवरले प्रयोग गर्न नजान्नेको लागि तालिम प्रभावकारी भएको विश्वास व्यक्त गरिन। उनले भनिन्, "बजारको प्याड किनेर प्रयोग गर्न पैसा हुन्न। कपडा, सुई, धागो, टाँक, कैंची भएपछि घरेलु प्याड बनाउन सकिन्छ। त्यसैले हाम्रो लागि यो प्याड बजारको भन्दा राम्रो छ। इन्फेक्सनबाट पनि जोगाउँछ।" ग्रामीण समुदायमा किशोरीसँग साथमा पैसा नहुने र महिनावारीको समयमा उनीहरूको पठनपाठन नै प्रभावित हुने देखिएपछि विद्यालयले तालिमको लागि सहजीकरण गरेको जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयका प्रधानाध्यापक मुरारी शर्माले जानकारी दिए। महिनावारी भएको समयमा उनीहरु आफैँ प्याड तयार गरी प्रयोग गर्न सक्ने भएको बताउँदै उनले यो तालिमले सहज बनाएको बताए।

# चुरोटलाई नेपालबाट 'फेज आउट' नै गर्नुपर्छ

**प्रा. डा. विवेक आचार्य**
क्यान्सररोग विशेषज्ञ

नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रण नियमनका लागि प्रयास भएका छन्। राज्यले विज्ञापनमा पूरै प्रतिबन्ध लगाएको छ। त्यो एक दम राम्रो कुरा हो। अनि सुर्तीजन्य पदार्थका बट्टामा चुतावनीमूलक चित्रहरू ९० प्रतिशत, १०० प्रतिशत राख्न लगाउने कानुन पनि आएको छ। त्यो कत्तिको प्रभावकारी भयो भएन भन्ने अर्को कुरा होला। मान्छेहरूले किन्न त्यस्ता चित्र भएका बट्टा फाल्दिने, अरु कागजहरूमा बेर्न। अन्य भाँडामा हाल्ने गर्छन् भन्ने सुनिन्छ। जे भए पनि यसलाई राम्रै प्रयास मान्न सकिन्छ। राज्यले गर्न नसकेको के हो भने सार्वजनिक ठाउँहरूमा धुम्रपान गर्नबाट रोक्न। वीर अस्पतालकै छेउमा हेर्नै हो भने, मान्छेले मज्जाले चुरोट तानेर फुकिरहेको देख्न सकिन्छ। त्यो नियन्त्रण गर्न सकिरहेको छैन।

सार्वजनिक ठाउँमा चुरोट सेवन गर्नेका लागि अहिले जरिवाना अहिले १०० रुपैयाँ छ, यो निकै थोरै भयो। त्यसलाई बढाएर ५ हजार पुर्‍यायो भने मान्छेले सार्वजनिक ठाउँमा खाँदै खाँदैन नि। यसमा सरकारले काम गर्नुपर्छ जस्तो लाग्छ। अर्कोतर्फ भयावह रुपमा के देखिएको छ भने, हुक्का, भेप(विद्ययुतीय चुरोट) तर्फ युवा पुस्ता धेरै आकर्षित भइरहेको छ। यो निकै नै डरलाग्दो कुरा देखिन्छ। यी पदार्थमा झन् खतरनाक केमिकलहरू छन् भन्ने कुरा आइरहेको छ। चुरोटले भन्दा बढी हानि गर्छ भनिएको छ। त्यो खुलेआम सबैतिर विक्री भइरहेको छ।

अहिले त यस्तो फेसन आयो कि बेलुका भएपछि केटाकेटीहरू रेस्टुरेण्टतिर जम्मा हुने, हुक्का तान्ने, भेप तान्ने गर्छन्। अहिले युवाहरूको यो अवस्था भएपछि भोलिको दिनमा यसले निम्त्याउने भनेको भयावह अवस्था नै हो। अहिलेको यो असर २०–३० वर्षपछि देखिन्छ। त्यतिखेर कसरी सम्हाल्ने भन्ने चिन्ता अहिले लिनुपर्छ। यसका लागि राज्यले सोच्नैपर्छ। यसले ती युवाका भावी सन्ततीमा पनि असर गर्छ। जन्मने बालबालिकामा पनि त्यसको असर त पर्छ नै। धुम्रपान गर्नेका बच्चाहरू जन्मदै स्वास्थ्यका हिसाबमा कमजोर हुनसक्छन्। डरलाग्दै स्थिति छन्।

अहिले क्यान्सर पनि यति धेरै बढेको छ, मैले २००४ तिर पढ्दा यति धेरै क्यान्सर देखिँदैनथ्यो। अहिले हप्तामा दुई देखि तीन जना चिनजानकै मान्छेको फोन आउँछ। 'क्यान्सर देखियो, यो गर्दे न। यहाँ भन्दे न' भनेर। खाली रोग लागेपछि उपचार गर्ने कुरामा मात्रै राज्य केन्द्रित भएर हुँदैन।रोग लाग्नै नदिने कुरामा पनि विचार पुर्‍याउनु पर्‍यो। उपचारको कुरा त खर्चैखर्चै हो नि, त्यो अवस्था आउनु भन्दा पहिला नै सोच्नुपर्ने हुन्छ। करिब ३० प्रतिशत क्यान्सरको कारण सुर्तीजन्य पदार्थकै कारण हुन्छ भन्ने विश्वव्यापी तथ्यांक छ र नेपालको अवस्था पनि त्यस्तै छ। यसले सबैभन्दा धेरै गराउने भनेको फोक्सोको क्यान्सर हो। मुखको क्यान्सर, पेटको क्यान्सरमा पनि यसको धेरै भूमिका छ।

मुत्रथैलीको क्यान्सर पनि धेरै देखिएको छ। त्यसमा पनि सुर्तीजन्य पदार्थको भूमिका छ। तान्दा खेरी फोक्सोमा मात्रै जाँदैन शरीरका अन्य भागमा पनि यसको असर धेरै छ। धेरै धुम्रपान गर्नेलाई मुटुरोग हुने नै भयो। नसामा रक्तसञ्चार बन्द भएपछि त्यस सम्बन्धि रोगहरू पनि देखिँदैछ। मस्तिष्कका साना नसाहरूमा रगत जान बन्द भएर देखिने रोग 'स्मल भेसल डिजिज' अहिले धेरैलाई देखिन थालेको छ। चुरोटमा भएको केमिकलले रगतको नसा बिगारिरहेको छ। यसले सोच्ने क्षमतामा असर पार्छ। मान्छे मरि त नहाल्ला तर उसले सोच्ने क्षमतामा कमी आयो भने उसको उत्पादकत्व त घट्यो नि।

यसले परिवार, समाज र प्रत्यक्ष–अप्रत्यक्ष असर राज्यलाई पनि गरिरहेको छ। यसलाई नियन्त्रण गर्न धेरै उपाउ लगाइएको छ तर प्रयोगकर्ता घटेका छैनन्। झन् बढ्दो छन्।सकेसम्म बिस्तारै चुरोट भन्ने कुरालाई नै फेजआउट गर्नुपनुपर्छ। पहिला–पहिला चुरोट भन्ने कुरा नै थिएन, नहुँदा पनि चलेकै थियो। यो मान्छेले नै बनाएको हो, अब असर गर्ने रहेछ भन्ने थाहा पाएपछि मान्छेले नै यसलाई फेजआउट गर्नु आवश्यक छ। भुटानले ननस्मोकिङ कन्ट्री बनाउँछ भने नेपालले किन सक्दैन। राज्य लागिपर्नु पर्‍यो। राज्यले लगानी गर्नुपर्‍यो। आजको भोलि त चुरोट खान पाउँदैनौं भनेर सम्भव छैन। चुरोटको लत लागेको हुन्छ मान्छेलाई, त्योबाट निस्कन गाह्रो हुन्छ। अहिले छाडिहाल भन्दा मान्छे बौलाउन सक्छ। खानेलाई कसरी छोडाउँदै लैजाने र नयाँ पुस्तालाई यसबाट कसरी टाढा राख्ने भन्ने कुराको योजना बनाउनुपर्‍यो।

चुरोट खराब हो, यसले हानि गर्छ भन्ने कुरा मान्छेको दिमागमा छिनछिनमा पुर्‍याउनु आवश्यक छ। विकसित देशहरूले यति धेरै सचेतनाका कार्यक्रमा गरे कि धूम्रपान एकदमै खराब हो भन्ने कुरा निरन्तर दिइरहे। मान्छेको दिमागमा घुसाउने काम गरिरहे र प्रयोगकर्ता घटाउन सफल भए।पश्चिमी देशमा यो व्यवसायलाई कस्दै गएपछि त्यहाँ मुनाफा कमाएकाहरू हाम्रो जस्तो कमजोर नीति भएका देशका मान्छेलाई उकास्न आइरहेका छन्। त्यसलाई हामीले चिर्नुपर्छ। अर्को चिन्ताको कुरा भनेको चुरोट खाने व्यक्तिले आफूलाई मात्रै हानि पुर्‍याइरहेको छैन, अरुलाई पनि रोगको शिकार बनाइरहेको छ। हामीकहाँ जाँचका लागि आउने धेरै महिला बिरामीहरू आफू चुरोट, सुर्ती खाँदैनन्, श्रीमानहरूले खाँदा भएको असर उनीहरूमा देखिन्छ।

एउटै कोठामा बसेर चुरोट खाँदा त्यसले अरुलाई पनि उत्तिकै असर पुर्‍याइरहेको छ। त्यसमा खासै ध्यान दिइएको देखिँदैन। यी सबै तथ्यहरूले के देखाउँछ भने आउने २०–३० वर्षपछि बिरामी भर्ना गरेर कहाँ राख्ने भन्ने समस्या हुनसक्छ। नेपाल एकदम चुरोट खाने देश अन्तर्गत नै पर्छ। खासमा सुर्तीजन्य पदार्थ आयात र उत्पादन नै बन्द गर्ने बाटोमा राज्य लाग्नुपर्छ। यसका लागि लामो रणनीति चाहिन्छ। १० वर्षीय वा २० वर्षीय रणनीति आवश्यकपर्छ। त्यहाँ काम गर्ने व्यक्तिलाई अन्य रोजगारको व्यवस्था गर्न सक्नुपर्‍यो। त्यो व्यवसाय गर्नेलाई अर्को व्यवसायको विकल्प तयार गर्नुपर्‍यो। अब चाहिँ यसको विकल्पबारे सरकारले सोचेर सुरु गर्नैपर्छ जस्तो लाग्छ। यति वर्षमा यतिसम्मलाई चुरोट छोडाउँछु भन्ने लक्ष्य राखेर राज्य अघि बढ्नका लागि ढिला भइसक्यो।

# भारतमा कोभिड देखिएपछि पर्सामा सतर्कता अपनाइने

पर्सा, १७ जेठ। पर्सा जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिले कोभिडको जोखिमलाई मध्यनजर गर्दै सीमा नाकामा स्वास्थ्य जाँचलाई कडाइ गर्ने निर्णय गरेको छ। भारत र नेपालमा कोभिड संक्रमित बढ्दै गएकाले हेल्थ डेस्कलाई थप प्रभावकारी बनाउने र स्वास्थ्यकर्मी परिचालन गर्ने निर्णय गरियो। समितिले अस्पताललाई तयारी अवस्थामा रहन र स्वास्थ्य सामग्रीको स्टक सुनिश्चित गर्न निर्देशन दिएको छ, साथै जनचेतना फैलाउन स्थानीय तहलाई अनुरोध गरेको छ।

पर्सा। पर्साको जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समितिको बैठकले कोभिडको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै सीमा नाकामा जाँचलाई प्रभावकारी बनाउने निर्णय गरेको छ। पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अध्यक्षतामा बिहीबार बसेको बैठकले समितिको बैठकले छिमेकी मुलुक भारत तथा नेपालका विभिन्न स्थानमा कोभिडका सङ्क्रमित बिरामीहरु देखापरेकाले कोभिडको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै जिल्लामा स्वास्थ्य सतर्कता अपनाउने निर्णय गरेको छ।

"कोभिडको सम्भावित जोखिमलाई मध्यनजर गर्दै सीमा नाकामा जाँचलाई थप प्रभावकारी बनाउने र आवश्यक निगरानी तथा स्वास्थ्य सतर्कता अपनाउन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय भएको छ," प्रजिअ अर्यालले भने, "भारतीय भूमिबाट प्रवेश गर्ने यात्रुहरुलाई लक्षित गरी स्थापना गरिएको हेल्थ डेस्कलाई थप प्रभावकारी बनाउने, आवश्यकताअनुसार उक्त हेल्थ डेस्कमा सुरक्षाकर्मीलगायत जनशक्ति समेत खटाई व्यवस्थित रुपमा स्क्रिनिङ गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ।"

बैठकले अस्पताल तथा स्वास्थ्य संस्थालाई तयारी अवस्थामा रहन निर्देशन अनुरोध गरेको छ। त्यस्तै गरी जटिल प्रकृतिका शङ्कास्पद बिरामीलाई अन्य अस्पतालमा रेफर नगर्न पनि अनुरोध गरेको छ। बैठकले मास्क, सेनिटाइजर, अक्सिजनलगायतका कोभिड सङ्क्रमणमा प्रयोग हुने लाइफ सेभिङ उपकरणहरुको स्टक सुनिश्चित गर्ने पनि निर्णय गरेको छ।

प्रवेश विन्दुमा खटिएका कर्मचारीहरुले विगतदेखि पाउनुपर्ने तलब सुविधा हालसम्म नपाएको गुनासो आएकाले रोकिएको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने पनि निर्णय भएको छ। त्यस्तै, कोभिड सङ्क्रमणसँग सम्बन्धित परीक्षणका लागि आवश्यक संख्यामा आरडिटी टेष्ट कीट र पिसिआर तथा खोप समेत उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णयमा उल्लेख गरिएको छ। त्यस्तै, कोभिडसम्बन्धी जनचेतना अभिवृद्धि गर्नाका साथै आवश्यक स्वास्थ्य सुरक्षा सतर्कतासम्बन्धी उपायहरु अवलम्बन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गरेको छ।

# पाटु क्षेत्रको भू–गर्भमा पाषाण युग : सात प्रकारका ढुङ्गे हतियार संकलन

**रवीन्द्र उप्रेती**

बर्दिबास, १७ जेठ। मानव सभ्यताको हजारौं वर्ष पुराना एकपछि अर्को अनौठा र अद्भुद ढुङ्गे हथियार फेला पर्न थालेपछि बर्दिबास ३ पाटु आसपासका पुरातात्त्विक क्षेत्र चर्चा र चासोको विषय बनेको छ। यो शिवालिक क्षेत्रमा पर्ने रातु सभ्यताअन्तर्गतको एरिया हो। यी भेगमा पाइलैपिच्छे फेला पर्दै गएका पाषाणकालीन हतियारले पुरातत्त्व विभागका अन्वेषणकर्तालाई नै चकित पारेको छ। उनीहरुका अनुसार मानव विज्ञान (एन्थ्रोपोलोजी) र पुरातात्त्विक दृष्टिले पाटु सभ्यता रहस्य र रोमाञ्चले भरिएको छ। यस भेगमा छरपष्ट ढुङ्गे औजारले यहाँको भूगर्भमा पाषाणकालीन युगको मानव सभ्यता झल्कने हतियारको विशाल भण्डार रहेको उनीहरुको बुझाई छ।

जर्मन अनुसन्धाता डा. गर्डुन कार्भिन्सले ४० वर्षअघि सन १९८५ मा शिवालिक क्षेत्रको रातु सभ्यताबारे गरेको अध्ययन अनुसन्धानको प्रमाणिकतालाई विश्वले स्वीकार गरिसकेको छ। कार्भिन्सको अन्वेषणले उजागर गरेका तथ्यको आधारमा बर्दिबास नगरपालिका र पुरातत्त्व विभागबिचको सहकार्यमा विशेषज्ञ टोलीले साता दिनदेखि अध्यन सुरु गरेपछि ढुङ्गे युगका थप रहस्य उजागर हुन थालेका छन्। अध्ययन टोलीमा संलग्न पुरातत्त्व शाखा प्रमुख भाष्कर ज्ञवाली तथा भारतको आसामस्थित कटन विश्वविद्यालय पुरातत्त्व विभागका विज्ञ प्रोफेसर मंजिल हजारिकाले अध्ययन गरिएका करिब १० वर्ग किलोमिटर क्षेत्रमा अहिलेसम्म मानवले प्रयोगमा ल्याएका सात प्रकारका हतियार संग्रह गरिएको बताए। संकलित हतियार कठोर प्रजातीका 'क्वाटजाइट' पत्थरबाट बनेको उनले देखाए।

स्नंगह गरिएका हतियारमा सिकार काटने र तिनका हा फोडने 'युनिफेसियल चोपर्स', मासु टुक्रा पार्ने 'नाइभस', पशुको छाला ताछ्ने 'स्क्रापरस', काठ र बाँस काटने हतियार 'एडजेस', माटोमुनिका कन्दमूल लगायतका आहार खोस्रिने 'पोइन्टस', चुलेसीको काम लिने हतियार 'नोच' जस्ता हतियार संग्रह गरिएको उनीहरुले बताए। संग्रह भएकामध्ये 'सुमात्रालिथ' हतियार भने इन्डोनेसियाको जावा सुमात्रामा पाइएको प्राचीन हतियारसँग मिल्दो जुल्दो रेहेको प्रोफेसर हजारिकाले बताए। संग्रह गरिएका हतियार १० हजारदेखि ८ हजार ईसा पूर्व मध्य पाषाण मेसोलिथिक युगको भएको उनको भनाइ छ। प्रो हजारिकाले भने 'संकलित हतियार अनुमानित सात हजार वर्ष पुरानो हुनुपर्छ। अध्यन गर्दै जाँदा अझ पुरानो पनि हुनसक्छ। यी हतियार ढुङ्गे युगको मानव सभ्यता झल्कने दुर्लभ एवं प्रमाणिक आधार हुन्।'

ढुङ्गे हतियार बर्दीबास ३ स्थित रातुखोला पश्चिम, भवसी खोला पूर्व, राइमण्डल डाँडा उत्तर र गौरीडाँडा आसपासदेखि उत्तरमा रहेको करिब १० वर्ग किलोमिटर क्षेत्रबाट संग्रह गरिएको अध्यन टोलीको नेतृत्व गरिरहनु भएका पुरातत्त्व विभाग प्रमुख भाष्कर ज्ञवालीले बताए। ज्ञवालीले भने, 'अहिलेसम्म यी क्षेत्रका १८ ठाउँबाट १० बोराजति नमुनाको रुपमा

**–बाँकी अन्तिम पेजमा**



# मधेशी दलहरूको मोर्चा

## मधेश केन्द्रित दलहरूका मोर्चा नै मोर्चा, त्रास कि आवश्यकता ?

**एसके यादव**

काठमाडौं, १७ जेठ। मधेश केन्द्रित दलहरूबिच मोर्चा निर्माणको लहर चल्न थालेको छ। संघीय संसद्मा प्रतिनिधित्व गरेका तराई–मधेशका दलहरूको एउटा मोर्चा त छँदै थियो, यस्तोमा साना दलहरूको अर्को मोर्चा पनि थपिएको हो। उपेन्द्र यादव नेतृत्वमा जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, डा.सीके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी, हृदेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, वृशेषचन्द्र लाल नेतृत्वको तमलोपा र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल गरी सात दलले संघीय लोकतान्त्रिक मोर्चा गठन गरेका थिए।

यस्तैमा तराई–मधेश केन्द्रित साना दलहरूको अर्को मोर्चा पनि थपिएको छ। जहाँ रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, रामकुमार महतो नेतृत्वको नेपाल सद्भावना पार्टी, बद्री ठाकुर नेतृत्वको ऐतिहासिक जनता पार्टी, हरिनन्दनकुमार रञ्जन नेतृत्वको बहुजन एकता पार्टी र धुपलालप्रसाद सहनी (निषाद) नेतृत्वको नेपाल जनजागृति पार्टी समावेश छन्। संघीय गणतान्त्रिक गठबन्धन नाम दिइएको यो मोर्चा संघीय समाजवादी मोर्चा गठनको तीन महिनापछि यो गठन भएको हो। गणतन्त्र दिवसको अवसरमा जनकपुरधाममा एक समारोहबिच बिहीबार मोर्चा गठनको घोषणा गरिएको हो।

संघीय मोर्चामा सातदल समावेश हुँदा नवगठित यस गणतान्त्रिक मोर्चामा भने पाँच वटा सहभागी छन्। र सबै दल तराई–मधेशकेन्द्रित नै हुन्। मधेशकेन्द्रित अर्को नयाँ मोर्चा वा गठबन्धन केका लागि ? किन संघीय लोकतान्त्रिक मोर्चा छाडेर नयाँ मोर्चा आवश्यक पर्‍यो ? यसबारे हामीले रिजवान अन्सारीसँग जिज्ञासा राख्दा उनले विगतका गल्तीहरू स्वीकार नगरेका कारण त्यो मोर्चामा समावेश नभएको बताए। 'सातदलीय मोर्चामा आबद्ध हुन मकहाँ प्रस्ताव आएको थियो, तर विगतमा आन्दोलन विसर्जन गरेर उनीहरू सत्तामा समर्पित भए,' उनले भने, 'आइन्दा त्यस्तो नहुने प्रतिबद्धता आए मात्र सहभागी हुने भनेका थियौँ, त्यसमा कुनै जवाफ आएन।'

उनका अनुसार विगतमा दलहरूले मोर्चा बनाएर आन्दोलन गरे पनि त्यसलाई लगेर सत्ता चढाइएपछि उक्त मोर्चासँग तत्काल सहकार्य गर्न सकिएन। यद्यपि कमीकमजोरी स्वीकार गरेर आए सहकार्य गर्न आफूहरू तयार रहेको उनको भनाइ थियो।

**मधेशमा मोर्चाको भएन कमी**

यसअघि पनि मधेशमा विभिन्न दलहरू मिलेर राजनीतिक मोर्चा वा गठबन्धन नबनेका होइनन्, मधेशका मुद्दामा साझा भएर जाने प्रयास निकै भएका थिए। जहाँ संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, विभिन्न गठबन्धन तथा मोर्चाहरू बनेका थिए। यस्ता मोर्चाहरू प्रारम्भमा उत्साहजनक देखिए पनि लामो समयसम्म नटिकेका मात्र होइनन् दलहरूसमेत टुटफुटको सिकार बनेका थिए। तर फेरि मधेशकेन्द्रित दलहरूमा मोर्चा जन्माउने होडबाजी चलेको देखिएको छ। यसअघि वृशेषचन्द्र लाल नेतृत्वको तमलोपा, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील र डा.सीके राउत नेतृत्वको जनमतबिच पनि एउटा मोर्चा बनेको थियो। संविधान संशोधनलगायत विषयमा संयुक्त संघर्ष गर्ने उक्त मोर्चाको उद्देश्य थियो।

त्यसअघि पनि तमलोपा, नेपाल सद्भावना पार्टी र ऐतिहासिक जनता पार्टीबिच पनि मोर्चा बनेको थियो। पछि त्यसमा माओवादी केन्द्रका भ्रातृ संगठन राष्ट्रिय मधेशी मुक्ति मोर्चा पनि सामेल थियो। यो मोर्चाले केही कार्यक्रम पनि गरेको थियो। त्यसपछि रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति र राउतको जनमतबिच पनि कार्यगत एकता भएको थियो, तर यो पनि लामो समयसम्म टिकेन। त्यसपछि पनि महन्थ ठाकुर नेतृत्वको लोसपा नेपाल, जनमत र नागरिक उन्मुक्तिबिच कार्यगत एकताका लागि सहमति भएको थियो। तर त्यो पनि लामो समय चलेन।

एउटै मुद्दा, एउटै विचार र एजेन्डा बोकेका पार्टीहरू किन मोर्चामा बाँडिए भन्ने प्रश्नमा तमलोपाका अध्यक्ष लाल भन्छन्, 'एक ठाउँमा आउँदा त धेरै राम्रो हो। अहिले गठन भएको पाँचदलीय गठबन्धनमा रहेका दलहरू पनि हाम्रोमा आउन चाहेका थिए, कुरा नमिलेपछि छुट्टै बनाए।' तर भविष्यमा भने दुई मोर्चाबिच सहकार्य हुन सक्ने उनले बताए। 'मोर्चा अलग अलग बनाए केही फरक पर्दैन, तर कुनै विषेश एजेन्डामा सहकार्यका लागि एक ठाउँमा आउनुपर्छ,' लालले भने, 'विगतमा पनि मधेशमा विभिन्न मोर्चाहरू थिए, तर आन्दोलनमा एकै ठाउँमा आएर संघर्ष गर्दा सफल भएका थियौँ।'

साझा एजेन्डा र मुद्दामा मोर्चाहरूबिचमा पनि सहकार्य हुनुपर्ने भने उनले बताए।

साझा एजेन्डा बनाएर मोर्चा गठन गर्दा एकसाथ लड्न सकिने र कमजोर पार्टीले पनि ठुलो स्पेस पाउन सक्ने भएकाले यस्ता मोर्चा बन्ने गरेका जानकारहरू बताउँछन्। उनीहरूका अनुसार मोर्चामा रहेका साना–ठुला सबै दल बराबर हुँदा सबैको हैसियत एकसमान हुने गर्छ। वार्ता तथा विभिन्न छलफलहरूमा भाग लिन पनि सजिलो र सत्ता बार्गेनिङमा पनि सहज हुने हुँदा यसरी बन्ने मोर्चाले विशेष अर्थ राख्ने हुँदा यसप्रति आकर्षण बढेको राजनीतिक विश्लेषकहरू बताउने गर्छन्। साथै स्थानीय तथा संघीय तहमा प्रभाव जमाउन संघर्षरत यी दलहरूले मोर्चामार्फत गठबन्धन वा तालमेल गर्दा निर्वाचनमा पनि प्रभाव पार्न सक्ने सक्छन्, जसको पछिल्लो उदाहरण 'संघीय लोकतान्त्रिक मोर्चा'लाई लिन सकिन्छ।

# कोशी प्रदेशका ७ ठाउँमा सडक अवरुद्ध

काठमाडौं, १७ जेठ। कोशी प्रदेशमा मनसुन भित्रिएको २४ घण्टा नबित्दै बाढी र पहिरोबाट पूर्वी नेपालमा क्षति भएको छ। बाढी र नदी कटानले धनकुटा, सुनसरी, इलाम र उदयपुरका विभिन्न सडक खण्ड अवरुद्ध रहेका कोशी प्रदेश प्रहरी कार्यालयले जनाएको छ। इलामको माई नगरपालिका वडा नम्बर ७ मा पक्की सडक खण्डमा पहिरो खसेपछि बाटो एकतर्फी मात्रै सञ्चालनमा छ। धनकुटाको साँगुरीगढी गाउँपालिका वडा नम्बर ६ मा रहेको नमस्ते झरना छेउमा पहिरो झर्दा कोशी लोकमार्ग एकतर्फी रूपमा सञ्चालनमा रहेको छ। यस्तै साँगुरीगढीमै लेउटी खोलाले १०० मिटर कटान गर्दा कोशी लोकमार्ग अवरुद्ध भएको छ। धनकुटाकै चौबिसे गाउँपालिका वडा नम्बर ४ मा निर्माणाधीन सडक खण्डको छरुवा खोलामा बाढी आउँदा तमोर करिडोर अवरुद्ध बनेको छ। यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका वडा नम्बर १ नयाँ पुल खोलामा पहिरो झर्दा चतरा–बराह क्षेत्र सडक अवरुद्ध रहेको छ। उदयपुरमा बेलका नगरपालिका वडा नम्बर ८ कोटु खोलामा पहिरो झरेपछि मैनामैनी–चुहार–भोजपुर सडक अवरुद्ध छ।

पूर्व–पश्चिम राजमार्गको पूर्वी खण्डमा गएरातिको अविरल वर्षापछिको बाढीले निर्माणाधीन एशियन हाइवे का ३ वटा डाइभर्सन बगाएको छ। बाढीले बगाएका ३ वटै डाइभर्सन मेचीनगर नगरपालिका क्षेत्रका हुन्।

*पाटु क्षेत्रको...*

प्राचीन हतियार संकलन गरिसकेका छौँ अझै दुई ठाँउको अध्ययन बाँकी छ।' पहिलोपटक यस भेगमा आउनु भएका प्रो हजारिकाका लागि त यो क्षेत्र नै बहुमूल्य प्राचीन सभ्यताको धरोहर हो। आफूले विगत १५ वर्षको अवधिमा भारतदेखि अफ्रिका र युरोपका क्षेत्रमा पुगेर पुरातात्त्विक अध्ययन गरे पनि एउटै थलोबाट पाषण युगका हतियारको यति ठूलो भण्डार र विविधता यसअघि फेला नपारेको अनुभव सुनाए।

२० वटे साइटको अन्वेषण सकिएपछि संकलित हतियारलाई प्रशोधन, वर्गीकरण, नक्साङ्कन र फोटोग्राफीलगायतका प्रकृया पुरा गरेर यसै वर्षको अन्त्यसम्ममा बर्दिबास नगरपालिका र पुरातत्त्व विभागलाई प्रतिवेदन बुझाइने ज्ञवालीले बताए। प्रचीन हतियार क्षेत्रलाई होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशले पनि चासोका साथ हेरेको छ। महासंघ अध्यक्ष हिरालाल गौतमले भने, 'जीवनको खोजमा घुम्न्ते जीवन बिताइरहेका आदि मानव बर्दिबास क्षेत्रमा कसरी आइपुगे अर्को अध्ययन विषय हुन सक्ला। तर सभ्यताको विकाश र आधुनिक मानवको उद्भवमा यहाँका आदिम हतियारले विश्वको ध्यान खिच्न सक्ने भएकोले पर्यटन प्रवर्द्धनको उद्देश्यले पनि यो क्षेत्र महत्त्वपूर्ण छ।'

# सशस्त्र प्रहरीद्वारा १३ लाख ८० मूल्यका भन्सार छलीका सामान बरामद

काठमाडौं, १७ जेठ। सशस्त्र प्रहरी बल पर्साले भन्सार छली गरेर भित्र्याइएका १३ लाख ८० हजार रुपैयाँ बराबरका सामान बरामद गरेको छ। सशस्त्र प्रहरीले हिजो विभिन्न ठाउँबाट भन्सार छली गरेर ल्याइएका सामान बरामद गरेको हो। सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहले वीरगञ्ज महानगरपालिका–१६ नगवा गाउँको डम्पिङ साइटमा भारतबाट अवैध रूपमा भन्सार छली गरेर चार वटा साइकलमा लोड गरी वीरगञ्जतर्फ ल्याउँदै गरेको आठ लाख ३६ हजार मूल्य बराबरको मोबाइल पार्ट्स, जुत्ताचप्पलसहितका सामान बरामद भएको जानकारी दिए। त्यस्तै वीरगञ्ज महानगरपालिका–२५ चण्डाल चोकबाट पनि मोटर पार्ट्स, भगुवा तथा नगवा क्षेत्रबाट कपडालगायतका सामान बदामद भएको छ। भन्सार छलीका सामानलाई वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सूचना अधिकारी सिंहले बताए।


## डिभिजन वन कार्यालय सिरहा लहानको अनुरोध

- वन डढेलो रोकथाम गरौं वन, जन र धनको क्षति रोकौं
- वन क्षेत्रभित्र ज्वलनशील पदार्थ जस्तैः सलाई, लाइटर र आगो प्रयोग नगरौं
- वन जंगल हामी सबैको साझा सम्पति हो, यसको संरक्षण गरौं
- वन जंगलभित्र कुनै किसिमको संरचना तथा जथाभावी बाटोघाटो निर्माण नगरौं
- निजी जग्गामा वक्षारोपण गरी उल्लेखनीय लाभ प्राप्त गरौं
- वन अपराध हुन लागेको थाहा पाएमा नजिकको प्रहरी कार्यालयमा तथा वन कार्यालयमा खबर गरौं।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय सिरहा**
लहान



## बच्चा भुलाउने नाउँमा मोबाईल/टिभी नदेखाऔं।

**Greet Child with a Smile, not with a Mobile**

मोबाईल/ट्याब्लेटका असरहरू

- निद्रामा समस्या
- पढाईमा कमजोर
- आँखामा समस्या
- जंकफुडको अत्याधिक प्रयोग
- आँखामा जलन हुने
- प्रकाश-संवेदनशील अवस्थाहरू सँग सम्बन्धित लक्षणहरू
- दृष्टि दोष हुने



मोबाईल/ट्याब्लेटको सट्टामा चउरमा खेल खेली रमाइलो गरौं र बिहान उठेर टाढाको दृश्य अवलोकन गर्ने गरौं।




**नवराजपुर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)